# काठेखोला गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय बिहुँकोट,बागलुङ
### गण्डकी प्रदेश, नेपाल

काठेखोला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बिहुँकोट, बागलुङ
गण्डकी प्रदेश, नेपाल

पत्र सं : ०७९/८०

च.नं. :

मिति : २०७९/०७/१७

सूचना । सूचना ।। सूचना ।।।

प्रस्तुत विषयमा मिति २०७९/०५/१३ गतेको निशुल्क जग्गा प्राप्तिका लागि प्रकाशित सूचना अनुसार तोकिए बमोजिम निशुल्क रुपमा प्रयाप्त जग्गा उपलब्ध हुन नसकेकोले मिति २०७९/०६/२७ गतेको गाउँ कार्यपालिकाको निशुल्क र सशुल्क जग्गा प्राप्तिको सूचना प्रकाशन गर्ने निर्णय बमोजिम पुनः सूचना प्रकाशन गरिएको छ । यस काठेखोला गाउँपालिकाको प्रशासकीय भवन, गाउँपालिकास्तरीय १५ सैयाको अस्पताल, गाउँपालिकाको सभाहल र इलाकास्तरीय प्रहरी चौकी निर्माणका लागि जग्गा आबश्यक भएकोले तपसिल बमोजिमका चार किल्ला भित्र रही निशुल्क र सशुल्क रुपमा जग्गा उपलब्ध गराउन चाहनु हुने ईच्छुक जग्गादाताहरुले मिति २०७९/०८/०१ गते भित्र कार्यालय समय भित्र यस काठेखोला गाउँपालिकाको कार्यालयमा प्रस्ताव सहित निवेदन दिनु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल :

१. गाउँपालिकाको प्रशासकीय भवनका लागि आबश्यक पर्ने जग्गाको लागि देहाय बमोजिम चारकिल्ला रहेको छ ।

   क) पूर्व - हाल कार्यालय रहेको विहुँ जलजला सुल्डाँडा ।
   ख) पश्चिम - राहाले जुकेपानी वन देखि टापु सम्म ।
   ग) उत्तर - अक्षेते बजार सम्म ।
   घ) दक्षिण - विहुँ कँडेलपानी ।

   सूचनामा उल्लेख भए बमोजिम गाउँपालिकाको प्रशासकीय भवन निर्माणका लागि निशुल्क र सशुल्क जग्गा उपलब्ध गराउनको लागि एक वा धेरै व्यक्तिहरु वा संस्थाले निवेदन दिन सक्नेछन् । जग्गा उपलब्ध गराउँदा एक वा धेरै व्यक्ति वा संस्थाको को गरि कम्तिमा ७ (सात) रोपनी हुनु पर्नेछ ।

२. गाउँपालिकास्तरीय १५ सैयाको अस्पताल, गाउँपालिकाको सभाहल र इलाकास्तरीय प्रहरी चौकी निर्माणका लागि जग्गा उपलब्ध गराउन चाहने जग्गादाताहरुले सुल्डाँडा अक्षेते आसपास वा प्रशासकीय भवनको चारकिल्ला वरिपरि वा यस क्षेत्र वरिपरि जग्गा दिन ईच्छुक भएको स्थान तोकी समय भित्र निवेदन दिनु हुन अनुरोध गरिन्छ ।
   सूचनामा उल्लेख भए बमोजिम एक वा धेरै व्यक्ति वा संस्थाले निवेदन दिन सक्ने छन । १५ सैयाको अस्पतालको लागि १० रोपनी, गाउँपालिकाको सभाहलको लागि ३ रोपनी र इलाकास्तरीय प्रहरी चौकीको लागि ८ रोपनी जग्गा हुनुपर्ने छ ।

संलग्न गर्नुपर्ने कागजातहरु

- उपलब्ध गराउन चाहेको जग्गाको क्षेत्रफल, चारकिल्ला, कित्ता नं., सशुल्क उपलब्ध गराउने जग्गाको मुल्य लगाएतको बिबरण खुल्ने गरि तयार गरिएको निवेदन ।
- नागरिकताको प्रमाण पत्र प्रतिलिपी ।
- जग्गा धनी दर्ता प्रमाण पुर्जा प्रतिलिपी ।
- आ.व. २०७८/७९ को तिरो तिरेको रसिद ।

२०७९/०७/१७

खगराज गौतम
प्रमुख प्रशासकीय अधिकृत

CamScanner